# अर्धनारीश्वर खण्डकाव्यमा अर्थालङ्कार

डा. सुभाषचन्द्र न्यौपाने
उपप्राध्यापक
नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस धरान, त्रि.वि.
subashneupqne953@gmail.com

https://doi.org/10.3126/gyandeep.v11i01.96624

**लेखसार**

प्रस्तुत अध्ययनमा खण्डकाव्यकार वासुदेव त्रिपाठीको पौराणिक पुराकथामा आधारित *अर्धनारीश्वर* खण्डकाव्यलाई अर्थालङ्कारका कोणबाट विश्लेषण गरिएको छ । त्रिपाठीको २०४५ सालमा प्रकाशित प्रस्तुत खण्डकाव्यमा केकस्ता अर्थालङ्कारहरूको प्रयोग गरिएको छ र ती अलङ्कारहरूले केकस्तो अर्थ अभिव्यञ्जित गरेका छन् भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा प्राथमिक सामग्रीका रूपमा खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्थनारीश्वर* खण्डकाव्यलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा अलङ्कार सिद्धान्तसँग सम्बन्धित ग्रन्थहरू, शोधप्रतिवेदनजस्ता पुस्तकालयीय सामग्रीहरूको उपयोग गरिएको छ । सामग्री विश्लेषणका क्रममा निगमनात्मक विधिअनुसार स्थापित सिद्धान्तका आधारमा वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरी प्रस्तुत लेखलाई पूर्णता दिइएको छ । अर्थालङ्कार वर्गका अलङ्कारहरूमध्ये सबभन्दा बढी सादृश्यमूलक वर्गका अलङ्कारको कुशल प्रयोगका कारण यो खण्डकाव्य सौन्दर्ययुक्त, काव्यात्मक वैशिष्ट्ययुक्त, भावगाम्भीर्य बन्न पुगेको छ भन्ने निष्कर्ष यस लेखको विश्लेषणबाट निकालिएको छ ।

*शब्दकुञ्जी:* अद्वितीय, अलङ्कृत, आस्वादनीय, भावगाम्भीर्य, सौन्दर्यपूर्ण,

## विषय परिचय

*अर्धनारीश्वर* खण्डकाव्यममा प्रयुक्त अर्थालङ्कार पक्षको विश्लेषण नै प्रस्तुत लेखको मूल विषय हो । कवि वासुदेव त्रिपाठीले नेपाली साहित्यमा फुटकर कविता, खण्डकाव्य, समालोचना, निबन्ध आदि क्षेत्रमा कलम चलाएका छन् । नेपाली साहित्य तथा समालोचनाका विविध क्षेत्रमा छरिएको त्रिपाठीको मूल व्यक्तित्व चाहिँ समालोचक व्यक्तित्व नै हो । समालोचनापछि नेपाली कविताकाव्यका क्षेत्रमा पनि उनको महत्त्वपूर्ण योगदान रहेको छ । २०१९ सालबाट प्रारम्भ भएको त्रिपाठीको कविता लेखन यात्रा हालसम्म पनि क्रियाशील रहेको छ । दर्जनौं समालोचनात्मक ग्रन्थहरूको लेखन तथा सम्पादन गरिसकेका बहुप्रतिभाशाली त्रिपाठीका *तीन थुंगा* (२०४५), *नवपल्लभ* (२०४६), *देशको महिमा* (२०४६) लगायतका दर्जनौं कविताकाव्यहरू प्रकाशित भएका छन् । कवि त्रिपाठीको कवित्व परिष्कारवाद र स्वच्छन्दतावादको उचित सन्तुलन र संयोजनमा अघि बढेको पाइन्छ । स्वच्छन्दतावादी प्रकृतिचेत, अध्यात्मप्रतिको आस्था, विश्वब्रह्माण्डप्रतिको रहस्यात्मक दृष्टि, बिम्ब तथा अलङ्कारप्रतिको सहज, स्वाभाविक आकर्षण र प्रयोग, अनुष्टुप छन्दको भावानुसारी उच्छलन, परिष्कारपूर्ण भाषाशैली, कला र भावको सन्तुलन आदि त्रिपाठीका कविताकाव्यमा पाइने काव्यात्मक प्रवृत्तिहरू हुन् । कविताकाव्यलाई सौन्दर्यपूर्ण एवम् आस्वाद्य तुल्याउने अनेक कारक तत्त्वहरूमध्ये अलङ्कार पनि एक हो । अलङ्कारले कविताकाव्यलाई सुस्वाद्य तुल्याउँछ । खण्डकाव्यकार त्रिपाठीको *अर्धनारीश्वर* पौराणिक विषयवस्तुलाई आधार मानेर लेखिएको एक महत्त्वपूर्ण विचारप्रधान खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यमा केकस्ता अर्थालङ्कारहरूको प्रयोग गरिएको छ र ती अलङ्कारहरूले कविताको कथ्य अर्थलाई केकसरी प्रभावकारी र आस्वाद्य तुल्याएका छन् भन्ने कुराको विश्लेषण गर्नु नै यस लेखको मूल समाधेय विषय हो ।

कवि वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यलाई विभिन्न कोणबाट अध्ययन तथा विश्लेषण गर्न सकिन्छ । कविताकाव्यलाई सौन्दर्यपूर्ण र आस्वाद्य तुल्याउने अनेक तत्त्वहरूमध्ये कृतिमा प्रयुक्त अर्थालङ्कार पनि एक हो । प्रस्तुत खण्डकाव्यलाई आलङ्कारिक सौन्दर्य चेतनाका आधारमा विश्लेषण गर्नका लागि निम्नलिखित

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

समस्याहरूमा केन्द्रित रही यो लेख तयार पारिएको छः (क) *अर्धनारीश्वर* खण्डकाव्यमा केकस्ता अर्थालङ्कारहरूको प्रयोग कसरी गरिएको छ ? (ख) *अर्धनारीश्वर* खण्डकाव्यमा प्रयुक्त अलङ्कार र कविताका कथ्य अर्थका बिच केकस्तो सम्बन्ध रहेको छ ? यिनै समस्याकथनमा उठाइएका प्राज्ञिक जिज्ञासाहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । प्रस्तुत अध्ययनका उद्देश्यलाई निम्निलिखित बुँदामा समेटिएको छः (क) *अर्धनारीश्वर* खण्डकाव्यमा केकस्ता अर्थालङ्कारहरूको प्रयोग कसरी गरिएको छ भन्ने कुराको निरूपण गर्नु र (ख) *अर्धनारीश्वर* खण्डकाव्यमा प्रयुक्त अलङ्कार र कविताका कथ्य अर्थका बिच केकस्तो सम्बन्ध रहेको छ भन्ने कुराको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

कवि वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यमा केकस्ता अर्थालङ्कारहरूको प्रयोग कसरी गरिएको छ र ती अर्थालङ्कारहरूको प्रयोगले खण्डकाव्यको कवित्व चेतनामा केकस्तो सौन्दर्यको सृष्टि भएको छ भन्ने कुराको विश्लेषणमा मात्र सीमित रहेकाले प्रस्तुत खण्डकाव्यमा रहेका शब्दालङ्कारको विश्लेषण हुन नसक्नु यस लेखको सीमा रहेकाले यस खण्डकाव्यमा प्रयुक्त शब्दालङ्कारहरूको विश्लेषण हुन सकेको छैन । कवि वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यमा अलङ्कार प्रयोगको खोज गरी ती अलङ्कारहरूको निरूपण गरिने भएकाले यस अध्ययनको औचित्य रहेको छ भन्ने कुरा पुष्टि हुन्छ । खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्का सन्दर्भमा विभिन्न समालोचनाहरू भए पनि यस खण्डकाव्यमा केकस्ता अर्थालङ्कारहरूको प्रयोग केकसरी गरिएको छ र ती अलङ्कारहरूले खण्डकाव्यको विचारलाई केसरी आस्वाद्य तथा गरिमापूर्ण बनाएका छन् भन्ने विषयमा अध्ययन हुन नसकेकाले यही शोधअन्लरालको परिपूर्तिका लागि यो लेख तयार पारिएको हो । अतः त्रिपाठीको प्रस्तुत खण्डकाव्यमा प्रयुक्त अर्थालङ्कारको बोध गरी ती अलङ्कारका माध्यमबाट कवितामा व्यक्त हुन पुगेको भावगाम्भीर्यलाई उत्कर्षता प्रदान गर्न लेखेको भूमिकाका बारेमा वस्तुगत ज्ञानबोध हुने भएकाले प्राज्ञिक क्षेत्रमा यस अध्ययनको औचित्य रहेको छ भन्ने कुरा सिद्ध हुन्छ ।

## शोधविधि

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका सामग्री सङ्कलन तथा विश्लेषण विधिलाई क्रमशः उल्लेख गरिएको छ ।  प्रस्तुत शोध समस्याको समाधानका लागि कवि वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने अलङ्कार सिद्धान्तसँग सम्बन्धित पुस्तक, शोधप्रबन्ध आदिलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । मूल रूपमा प्रस्तुत अध्ययनका लागि पुस्तकालयमा प्राप्त सामग्रीहरूको अध्ययन गरी लेखलाई पूर्णता दिइएको छ ।  प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । प्रस्तुत लेखलाई व्यवस्थित एपम् वस्तुपरक रूपमा अगाडि बढाउनका लागि निगमनात्मक विधिको प्रयोग गरिएको छ । कवि वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यलाई आधार बनाएर उनको यस खण्डकाव्यको अलङ्कारपरक विश्लेषण गरिएको छ । *अर्धनारीश्वर* खण्डकाव्यको सूक्ष्म पठन विधिमार्फत अध्ययन गरी यस कृतिमा प्रयुक्त अलङ्कारलाई वर्णनात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरी लेखलाई पूर्णता दिइएको छ ।

### अलङ्कारको सैद्धान्तिक अवधारणा

काव्यलाई सौन्दर्यपूर्ण बनाउने तत्त्वका रूपमा संस्कृत काव्यशास्त्रमा अलङ्कारलाई चिनाइएको पाइन्छ । प्रारम्भमा काव्यशास्त्रको नाम नै अलङ्कारशास्त्र रहेको देखिन्छ । अलङ्कारवादी काव्यशास्त्रीहरूका अनुसार काव्यमा आउने रस, गुण, ध्वनि आदि सबै अलङ्कारभित्रै अन्तर्भाव हुन्छन् । अलङ्कार सम्प्रदायको स्थापना भाहमबाट भएको मानिन्छ । भामहले आफ्नो *काव्यालङ्कार* नामक लाक्षणिक ग्रन्थमा नारीको अनुहार सुन्दर भए पनि अलङ्कार आभूषणद्वारा आभूषित छैन भने त्यसलाई राम्रो मानिँदैन भनेका छन् भने शब्दका आधारमा गरिने वक्रोक्तिपूर्ण अभिव्यक्तिलाई अलङ्कार मानेका छन् (इ. १९३८, पृ. १७) । दण्डीले अलङ्कारलाई काव्यशोधाकारक धर्मका रूपमा लिएको देखिन्छ । उनले काव्यशोधाकारक धर्म नै अलङ्कार हुन् र ती आज पनि

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

विविध रूपबाट उद्भाषित हुँदै छन् भनेका छन् (इ. १९५८, पृ.११७) । भामह र दण्डीका अनुसार अलङ्कारले काव्यलाई सौन्दर्यपूर्ण बनाउने हुनाले यसकै आधारमा काव्यसाहित्य ग्रहणीय हुने कुरा उल्लेख भएको पाइन्छ । रीतिवादी आचार्य वामनद्वारा आफ्नो लाक्षणिक ग्रन्थ *काव्यालङ्कारसूत्र*मार्फत सौन्दर्यलाई नै अलङ्कार स्वीकार्दै काव्यलाई अलङ्कारले नै ग्रहणीय बनाउने कुरा उल्लेख गरिएको पाइन्छ । साथै उनले गुण विशिष्ट पदरचनालाई काव्यको आत्मा मानेका छन् भने गुणद्वारा उत्पन्न शोभालाई उत्कर्षता प्रदान गर्ने साधनका रूपमा अलङ्कारको चर्चा गरेका छन् (इ. १९९५, पृ. ३) । ध्वनिवादी आचार्य आनन्दवर्धनले अलङ्कारलाई लौकिक आभूषणझैँ अङ्गी (रस) को सौन्दर्यको साधन मानेको पाइन्छ (इ. १९४०, पृ. ९) । रसवादी आचार्य मम्मटले *काव्यप्रकाश*मा अङ्ग (शब्द र अर्थ) द्वारा अङ्गी (सर) को उपकार (सौन्दर्यवर्धन) गर्ने अनुप्रास, उपमा आदि अलकार हुन् र ती हारजस्तै आभूषण हुन् भन्ने कुरा उल्लेख गरेका छन् (इ. १९८०, पृ. ४०९) । अर्का रसवादी आचार्य विश्वनाथले *साहित्यदर्पण*मा काव्यसौन्दर्यलाई उत्कर्षता प्रदान गर्ने रस भाव आदिका उपकारक शब्द र अर्थका अस्थिर धर्म नै अलङ्कार हुन् भन्दै मानिसका लागि हार आदि अलङ्कार भएजस्तै काव्यका लागि उपमा आदि अलङ्कार हुन् भन्ने कुरा उल्लेख गरेका छन् (इ. १९७७, पृ. २७३) । अलङ्कारको परिचय तथा स्वरूपका सन्दर्भमा माथि प्रस्तुत गरिएका अलङ्कारसम्बन्धी प्रमुख अवधारणाहरूलाई हेर्दा अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई काव्यको प्राणतत्त्वका रूपमा लिएर सौन्दर्यलाई नै अलङ्कार मानेको पाइन्छ भने उनीहरूले अलङ्कारकै कारण काव्य ग्रहणीय हुन्छ भनेर अलङ्कारलाई विशिष्ट स्वरूप प्रदान गरेको देखिन्छ । ध्वनिवादी आचार्य आनन्दवर्धन र रसवादी आचार्यहरू मम्मट, विश्वनाथ आदिले भने अलङ्कारलाई विशेष महत्त्व नदिई रसध्वनिको सौन्दर्य अभिवृद्धि गर्ने साधन वा धर्मका रूपमा मात्र अलङ्कारलाई स्वीकार गरेका छन् ।

## छलफल तथा परिणाम

### अर्धनारीश्वर खण्डकाव्यमा प्रयुक्त अलङ्कार

कवि वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* २०४५ सालमा प्रकाशित *तीन थुँगा* काव्य सङ्ग्रहभित्र सङ्कलित पौराणिक मिथकमा आधारित खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यमा विषयवस्तु अत्यन्त सूक्ष्म आख्यानतन्तु मात्र रहेको छ । अर्धनारीश्वरको मूर्तिको दर्शनपछि लेखकको मनमा उत्पन्न उत्सुकता, कौतूहल, जिज्ञासा, विषयप्रतिको मोहजस्ता भावुक सन्दर्भहरू विषयवस्तुका रूपमा आएका छन् । यी विषयवस्तुमा रूपमा आएका सन्दर्भहरूलाई आस्वाद्य तुल्याउनका लागि खण्डकाव्यकारले विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरेका छन् । यस खण्डकाव्यमा प्रयुक्त दुवै वर्गका अलङ्कारहरूमध्ये यस लेखमा अर्थालङ्कारको मात्र विश्लेषण गरिएको छ । लेख विश्लेषणका क्रममा *अर्धनारीश्वर* खण्डकाव्यमा प्रयुक्त सबै अर्थालङ्कारहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गरी प्रतिनिधि श्लोकहरूको मात्र विश्लेषण गरिएको छ । एकसय चौरासी चार हरफे अनुष्टुप छन्दमा आबद्ध *अर्धनारीश्वर* खण्डकाव्यलाई विराम सङ्केतद्वारा पैंतालीस भागमा विभाजन गरिएको छ तर विषयवस्तुको शृङ्खला पहिलो भागदेखि अन्तिम भागसम्म एकोहोरो रूपमा अविच्छिन्न भएर गएको छ । प्रस्तुत खण्डकाव्यमा सबभन्दा बढी उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ भने त्यसपछि उत्प्रेक्षा र सन्देह अलङ्कारको प्रयोग भएको पाइन्छ । केही श्लोकहरूमा अनन्वय, समुच्चय, उदात्त र भाविक अलङ्कारको प्रयोग भएको पाइन्छ । यस खण्डकाव्यका विभिन्न पद्यहरूमा प्रयुक्त अलक्कारहरूमध्ये प्रतिनिधि पद्यहरूमा प्रयुक्त अलङ्कारको क्रमशः विश्लेषण गरिएको छ ।

#### *उपमा*

कुनै दुई पदार्थका बिच सामीप्यका आधारमा समानतालाई दाँज्नु उपमाको शाब्दिक अर्थ हो । दुई तत्त्वका बिचमा रहेको सादृश्यलाई प्राथमिकताका साथ उपमेय र उपमान धर्मको समानतामा केन्द्रित हुनु यस अलङ्कारको विशेषता हो । भरतले आफ्नो *नाट्यशास्त्र*मा गुण र आकृतिका आधारमा दुई पदार्थका बिचको सादृश्य कथनलाई उपमा मानेका छन् । उनले एकको अनेकसँग, अनेकको एकसँग, एकको एकसँग र अनेकको अनेकसँग गरी चार

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

अवस्थामा उपमा रहने कुरा उल्लेख गरेका छन् । (इ. १९८३, पृ.६०) । अलङ्कारवादी आचार्य भामहले उपमान र उपमेय देश, काल, क्रिया आदिका आधारमा सर्वथा भिन्नाभिन्नै हुँदाहुँदै पनि कदाचित गुणलेश मात्रले दुवैमा समानता भएमा उपमा अलङ्कार हुन्छ भनेका छन् (इ. १९३८, पृ. ११) । मम्मटले उपमान र उपमेयमा भेद हुँदाहुदै पनि गुण, क्रिया आदिका आधारमा हुने साधर्म्यबाट उपमा अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (इ. १९८०, पृ. ४६६) । विश्वनाथले वैधर्म्यरहित उपमान र उमेयका बिचको सादृश्यलाई वाच्यका आधारमा एउटै वाक्यमा व्यक्त गर्नु नै उपमा हो भनेका छन् (इ. १९७७, पृ. २९२) । यसबाट उपमान र उपमेयका बिच गुण, रूप, क्रिया अथवा प्रभाव आदि कुनै पनि धर्मको समानताद्वारा एउटै वाक्यमा काव्यात्मक ढङ्गबाट सौन्दर्य प्रकाशन भएमा उपमा अलङ्कार हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । उपमा अलङ्कारका लागि उपमान, उपमेय, साधारण धर्म र वाचक शब्द गरी चार अङ्ग हुनु आवश्यक मानिन्छ । यीमध्ये कुनै एक अङ्गको अभावमा पनि उपमा रहेको हुन्छ ।

खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यमा अर्थालङ्कार वर्गका अलङ्कारहरूमध्ये सबभन्दा बढी सादृश्यमूलक वर्गको उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । प्रस्तुत खण्डकाव्यका तेस्रो, छैटौं, सातौं, आठौं, दसौं, बाह्रौं, सत्रौं, एक्काइसौं, तेइसौं, चौबीसौं, छब्बीसौं, बत्तीसौं, चौंतीसौं, पैंतीसौं, सत्चालीसौं, एकचालीसौं, त्रिचालीसौं, पैंतालीसौं, पचासौं, सत्तरीऔं, पचहत्तरौं, चौरासीऔं लगायतका पचासभन्दा बढी पद्यहरूमा उपमा अलङ्कारको प्रयोग भएको छ । यी विभिन्न पद्यमा प्रयुक्त उपमा अलङ्कारमध्ये यहाँ केही प्रतिनिधि पद्यहरूमा प्रयुक्त उपमा अलङ्कारको मात्र विश्लेषण गरिएको छ ।

कति मोहक यो मूर्ति हेऱ्यो झन् हेर्न तिर्सना
नयाँ नयाँ पलैपिच्छे कस्तो कोमल कल्पना
साक्षात्कार गरेतुल्य भावातीत समाधिमा
अन्तराकाशको सत्य सरोवर अनादिमा । ३ ।

प्रस्तुत पद्यमा अर्धनारीश्वरको मूर्तिको दर्शन कति मनमोहक छ, यो मूर्ति जति हेऱ्यो उति झन झन हेर्ने तिर्सना बढेर आउँछ । यसलाई जति हेर्यो हरेक पल नयाँ नयाँ कोमल कल्पनाको भान हुन्छ । यो मूर्ति हेर्दा अन्तराकाशको अनादि सत्य सरोवरमा भावातीत समाधिमा साक्षात्कार गरेतुल्य हुन्छ भनेर अर्धनारीश्वरको मूर्तिको दर्शनलाई भावातीतको समाधिको आनन्नदसँग तुलना गरिएकाले उपमा अलङ्कार पर्न गएको देखिन्छ । प्रस्तुत पद्यमा अर्धनारीश्वरको मूर्ति उपमेयका रूपमा आएको छ भने भावातीत समाधि उपमानका रूपमा आएको छ । मूर्ति देख्ताको चैतन्य स्वरूप आनन्द, भावातीत आनन्दबाट प्राप्त हुने अलौकिक आनन्द साधारण धर्मका रूपमा आएका छन् । दुवैमा रहेको समानतालाई बुझाउन तुल्य शब्द वाचक शब्दका रूपमा आएको छ । यसरी उपमा अलकारका माध्यमबाट अनन्त आकाशको सत्य सरोवरमा भावातीत आनन्दको क्षणमा हुने जुन अलौकिक, जादुमय, अनुपमेय, दिव्य आनन्द छ त्यही रूप अर्धनारीश्वरको दर्शनबाट प्राप्त भएकाले अर्धनारीश्वरको यो मूर्ति सामान्य मूर्ति मात्र होइन, यो कलाको जादु हो, मूर्तिमा अलौकिक सौन्दर्यको सृष्टि गर्न सक्ने कलाकारको क्षमताको उच्च कलात्मक चेतनाको अभिव्यक्ति हो भन्ने कविताको कथ्य अर्थलाई अभिव्यञ्जित गरिएको छ ।

मूर्ति यो हरगौरीको अर्धाङ्ग जोडिएसरि
आधाआधा तत्त्व मिली एकै प्राण लिएसरि
अर्धाङ्ग चाहिं नारीका अर्धाङ्ग नरको सरि
आधा चाहिं धरातुल्य आधा आकाशको सरि । ४३ ।

प्रस्तुत पद्यमा शङ्कर र गौरीको आधाआधा अङ्ग जोडिएसरि अर्धनारीश्वरको स्वरूप देखिन्छ । यस स्वरूपमा दुवैको आधाआधा तत्त्व मिलेर एउटै प्राण लिएको जस्तो अनौठो स्वरूप छ । आधा अङ्ग चाहिँ नारीका र आधा अङ्ग चाहिँ पुरुषका एकाकार भएजस्तै देखिएको यस दिव्य स्वरूप आधा आकाश र आधा पृथ्वी मिलेर

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

बनेको छ भन्ने विचारको प्रस्तुतिका लागि उपमा अलङ्कारको प्रयोग गरिएको छ । यहाँ अर्धनारीश्वर स्वरूपमा रहेको हरगौरीको मूर्ति आधाआधा तत्त्व उपमेय रूपमा आएका छन् भने अर्धाङ्ग, एकै प्राण, धरा, आकाश उपमेयका रूपमा आएका छन् । दुई नरनारीका आधाआधा अङ्ग जोडिँदा देखिने विचित्र अनौठो स्वरूप, जादुमय चमत्कार, दिव्य मूर्ति साधारण धर्मका रूपमा आएका छन् भने सरि वाचक शब्दका रूपमा आएको छ । यसप्रकार उपमा अलङ्कारका माध्यमबाट अर्धनारीश्वरको दिव्य स्वरूपमा केकस्ता कुराको संयोग छ यो संयोगले सारा सृष्टि चक्रमा देखिने परस्परभिन्न तत्त्वहरूको संयोजन एउटै रूपमा देखिएकाले यो दिव्य मूर्ति सामान्य मूर्ति मात्र होइन यो जादुको अनुपम कला हो, सारा सौन्दर्यको पूर्ण कलात्मक स्वरूपको संयोजन हो, धर्ती र आकाश एकत्रित हुँदाको गौरवपूर्ण क्षणको अनुभूति दिलाउने आह्लादपूर्ण स्वरूप हो भन्ने कविताको कथ्य अर्थलाई अभिव्यञ्जित गरेको छ ।

***उत्प्रेक्षा***

जहाँ सम्भावनासम्बन्धी तर्क उठाएर प्रस्तुतमा अप्रस्तुतको सम्भावना देखाइन्छ त्यहाँ उत्प्रेक्षा अलङ्कार हुन्छ । उत्प्रेक्षा शब्दको अर्थ उत्कृष्ट रूपबाट वा बलपूर्वक हेर्नु भन्ने हुन्छ । यहाँ हेर्नुको अभिप्राय सम्भावना व्यक्त गर्नु भन्ने रहेकाले यस शब्दको अर्थ कल्पना वा सम्भावना व्यक्त गर्नु भन्ने बुझिन्छ । वस्तुतः प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको सम्भावना व्यक्त गर्नु नै उत्प्रेक्षा हो । अभेदप्रधान अध्यवसायमूलक अलङ्कारका रूपमा चिनिने यस अलङ्कारका लागि कविकल्पनायुक्त उपमानको आवश्यकता पर्दछ । भामहले पहिलो पटक यस अलङ्कारको चर्चा गर्दै केही उपमानको सम्बन्ध, सामान्यको अविवक्षा, असिद्ध गुण, क्रिया आदिको योग र अतिशयको भाव हुनुपर्नेमा जोड दिएका छन् (इ. १९३८, पृ. २८) । रुद्रटले चाहिँ औपम्यमूलक वर्गअन्तर्गत अतिशय वर्गको अलङ्कारका रूपमा उत्प्रेक्षा अलङ्कारको चर्चा गर्दै यसका अनेक भेदहरू देखाएका छन् (इ. १९८९, पृ. २३४) । आचार्य मम्मटले व्यवस्थित रूपमा उत्प्रेक्षालाई चिनाउँदै प्रकृतलाई अप्रकृतसँग एकरूपता वा तादात्म्यको सम्बन्ध नै उत्प्रेक्षा हो भने का छन् (इ. १९८०, पृ. ४८७) । यसरी हेर्दा एक पदार्थमा अर्को पदार्थको सम्भावना गरिनु नै उत्प्रेक्षा हो भन्न सकिन्छ । खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यमा विभिन्न पद्यहरूमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको पाइन्छ । प्रस्तुत खण्डकाव्यका नवौं, तेह्रौं, बीसौं, बाइसौं, तीसौं, एकतीसौं, तेत्तीसौं लगायतका दशभन्दा बढी पद्यहरूमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको पाइन्छ । यी विभिन्न पद्यहरूमा प्रयुक्त उत्प्रेक्षा अलङ्कारमध्ये प्रस्तुत अध्ययनमा केही प्रतिनिधि पद्यको मात्र विश्लेषण गरिएको छ ।

बलिष्ठ पौरखी मूर्ति मानौं टङ्कित वीरता
काटी ठोकी तरासेर मानौं अङ्कित धीरता
ढुङ्गाको दृढ छातीको ढुक्ढुकी यो पुरातन
युवा चैतन्यको मानौं शक्तिगाथा सनातन । ३१ ।

प्रस्तुत पद्यमा अर्धनारीश्वरको मूर्तिमा चित्रकारले विभिन्न अप्रस्तुत वस्तुहरूको प्रतिबिम्ब उतारेको हो कि भन्ने सन्दर्भमा उत्प्रेक्षा अलङ्कार पर्न गएको छ । यो बलिष्ठ पौरखी मूर्तिमा मानौं वीरता टङ्कन गरिएको पो छ कि, कलाकारको छिनोले ताछतुछ पारेर ठोकठाक पार्दै मानौं धीरता अङ्कित गरिएको छ कि, ढुङ्गाको पुरातन छातीको ढुकढुकीमा मानौं सनातन युवा चेतनाको व्यक्तिगाथा अङ्कित भएको पो छ कि भन्ने सम्भावना व्यक्त गरिएकाले यहाँ उत्प्रेक्षा अलङ्कार पर्न गएको छ । यसप्रकार उत्प्रेक्षा अलङ्कारका माध्यमबाट अर्धनारीश्वरको मूर्तिमा कविले अनुमान गरेको वीरता, गम्भीरता, युवा शक्तिको अविजेय तागत एकै ठाउँ प्राप्त भएकाले यो मूर्तिमा जजसले दिव्य दृष्टिले जेजे कुरा खोजे पनि त्यही वस्तुका गुण भेटिने र यस्तो अपूर्व मूर्तिलाई जजसले जुन जुन रूपमा हेरे पनि त्यही स्वरूपमा प्रकट हुन सक्ने कला भएका दिव्य कलाकारको कलाकारिताको उच्च सम्मान गर्दै त्यस्तो कलाकारिताको महिमा गाउने कविताको कथ्य अर्थ अभिव्यञ्जित भएको छ ।

***सन्देह***

सन्देहलाई संशय पनि भनिन्छ । यस अलङ्कारमा प्रस्तुत वस्तुलाई देखेर अप्रस्तुत वस्तुको सन्देह भएको कुरा वर्णन गरिन्छ । यद्यपि प्रस्तुत र अप्रस्तुत भिन्ना भिन्नै हुन्छन् तापनि यस अलङ्कारमा कविप्रतिभाद्वारा सादृश्यातिशय वर्णनका कारण दुवैमा अभिन्नता देखाउने प्रयास गरिएको हुन्छ । सादृश्यमूलक वर्गको यस अलङ्कारको चर्चा भामहबाट नै हुँदै आएको हो । उनले उपमेयको प्रस्तुतिका निम्ति त्यसको उपमानसँग भेद अथवा अभेद देखाउँदै सन्देहयुक्त वचनको प्रयोग गरिएमा सन्देह अलङ्कार हुन्छ भनेका छन् (इ. १९३८, पृ. २३) । रुद्रटले सादृश्यका कारण एक पदार्थमा अनेक पदार्थको सन्देह हुनुलाई सन्देह मानेका छन् (इ. १९८९, पृ. २७७) । मम्मटले उपमेयसँग उपमानको संशय हुनुलाई सन्देह अलङ्कार मान्दै यसका उक्ति र अनुक्ति दुई भेद रहेको कुरा उल्लेख गरेका छन् (इ. १९८०, पृ. ४८९) । विश्वनाथले कविप्रतिभाका कारण प्रकृतमा अप्रकृतको सन्देहलाई सन्देश अलङ्कारको संज्ञा दिएका छन् (इ. १९७७, पृ. २२८) । यी माथिका परिभाषाहरूलाई हेर्दा प्रस्तुत वस्तुलाई देखेर अप्रस्तुत वस्तुको संशय हुनु नै सन्देह अलङ्कार हो भन्ने कुरा स्पष्ट हुन्छ । खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यका विभिन्न पद्यहरूमा सन्देह अलङ्कारको प्रयोग भएको पाइन्छ । प्रस्तुत खण्डकाव्यका सातौं, पन्धौं, उनन्तीसौं, छत्तीसौं, अड्तीसौं, चवालीसौं, छयालीसौं, पचपन्नौं, छपन्नौं, सन्ताउन्नौं, एकसय पैंतीसौं लगायतका बीसभन्दा बढी श्लोकहरूमा सन्देह अलङ्कारको प्रयोग भएको पाइन्छ । यी विभिन्न पद्यहरूमा प्रयुक्त सन्देह अलङ्कारमध्ये प्रस्तुत लेखमा केही प्रतिनिधि पद्यहरूको मात्र विश्लेषण गरिएको छ ।

अज्ञात हे मूर्तिकार यो मूर्ति कसरी कप्यौ
ताछी कर्कश पाषाण वाणी यो कसरी थप्यौ । ५० ।
पौराणिक कथालाई मूर्तिमा कसरी भर्यौ
पुराना स्वप्नमा प्राण सञ्चार कसरी गर्यौ
कृतिशेष कलाकार धड्कँदो छ शिलातक
पुगेझैँ मूर्ति यो तिम्रो जिन्दगीका जरातक । ५५ ।

प्रस्तुत पद्यमा अज्ञात मूर्तिकारलाई सम्बोधन गर्दै पाषाणमा यसकिसिमको जीवन्त अलौकिक दिव्य स्वरूप कसरी निर्माण गर्यौ र पाषाण खोपेर त्यसलाई तासी तासी त्यस मूर्तिमा वाणी कसरी थप्यौ भन्दै सन्देह प्रकट गरिएकाले सन्देह अलङ्कार पर्न गएको देखिन्छ । पौराणिक यस किसिमको आदिम कथालाई जीवन्त मूर्तिमा रूपान्तरित गरी पुराना स्वप्निल कथामा प्राण भरेर कसरी प्राणको सञ्चार गर्यौ भन्ने प्रश्नमा बारम्बार सन्देह उत्पन्न भएकाले सन्देह अलङ्कार पर्न गएको हो । सन्देह अलङ्कारको यस किसिमका प्रयोगका माध्यमबाट मूर्तिकारको अद्वितीय कलाचातुर्यको मुक्त कण्ठले प्रशंसा गरिएको छ भने तिनै अज्ञात, अद्भुत, जादुमय कलाकारको कलाकारिताका कारण कठोर ढुङ्गामा पनि देवताको दिव्य स्वरूप, सृष्टिको पौराणिक सभ्यताको समग्रता एउटै मूर्तिमा अनन्त सम्भावनाहरू प्रकट भइरहेकाले त्यस्ता अलौकिक प्रतिभा सम्पन्न कलाकारको कलाकारितालाई उच्च सम्मान गर्दै त्यस्तै कलाकारको कलाकारितामा संसारको सौन्दर्य, शिल्प, गरिमा र प्रतिष्ठा सुरक्षित रहेको हुन्छ भन्ने कविताको कथ्य अर्थलाई अभिव्यञ्जित गरिएको छ ।

***अनन्वय***

अनन्वय भनेको सम्बन्धको अभाव हो । उपमान र उपमेय एउटै भई अर्को वस्तुसँग सादृश्य नदेखाई त्यसै वस्तुतसँग मात्र सुन्दर सादृश्य देखाउनुलाई अनन्वय अलङ्कार भनिन्छ । यस अलङ्कारमा उपमेयलाई नै उपमान बनाएर वर्णन गरिन्छ । यस अलङ्कारले उपमेय अतुल्य छ भन्ने कुरा देखाउँछ । यस अलङ्कारको सर्वप्रथम चर्चा गर्ने व्यक्ति वामन हुन् तर सबै अलङ्कारवादी आचार्यहरूले यसको अस्तित्वलाई स्वीकार गरेका छैनन् । वामनपछि रुय्यक, जयदेव र विश्वनाथले मात्र यस अलङ्कारको अस्तित्वलाई स्वीकार गरेका छन् । जयदेवका अनुसार जहाँ उपमान र उपमेय एउटै वस्तु हुन्छ त्यहाँ अनन्वय अलङ्कार हुन्छ (इ. १९९५, पृ. ८८) । विश्वनाथले एकै वाक्यमा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

एउटै वस्तु उपमान र उपमेय हुँदा अनन्वय अलङ्कार हुन्छ भनेका छन् (इ. १९७७, पृ. ३०२)। कुनै पनि वस्तुलाई अतिशय गुण वा शक्तिसम्पन्न वस्तुका रूपमा चित्रण गरी त्यसभन्दा उत्तम वस्तु अर्को कुनै हुनै नसक्ने भएकाले त्यसैलाई उपमान र उपमेयका रूपमा प्रस्तुत गर्नु नै अनन्वय अलङ्कारको विशेषता हो। खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यका साठीऔँ, एकसय पैंतालीसौंजस्ता केही पद्यहरूमा अनन्वय अलङ्कारको प्रयोग गरिएको छ। तीमध्ये प्रतिनिधि पद्यमा प्रस्तुत अनन्वय अलङ्कारको विश्लेषण यहाँ गरिएको छ।

आदितत्त्व तिमी तिम्रै स्वसत्तामा समाहृत
मुहूर्त आत्मरतिको स्वयंमा सरि विस्तृत
आफैँ आस्वाद्य आफैँ त्यो आस्वादनको क्षण
स्वयं भोग्य स्वयं भोक्ता त्यो महाभोगको क्षण। ६०।

प्रस्तुत पद्यमा अर्धनारीश्वरको स्वरूपजस्तो अर्को कुनै स्वरूप नभएकाले उपमान र उपमेय एउटै रूपमा अर्धनारीश्वरको स्वरूप रहेको वर्णन गरिएकाले अनन्वय अलङ्कार पर्न गएको छ। तिमी नै आदितत्त्व, तिमी आफैँ तिम्रो स्वसत्तामा समाहित भएकी छौ, तिमी आफैँ आस्वाद्य वस्तु हौ र आफैँ आस्वाद पनि गरिरहेकी छौ, यो आस्वादनको क्षण पनि तिमी नै हौ, तिमी आफैँ भोग्य वस्तु र भोक्ता पनि हौ, यो महाभोगको क्षण पनि तिमी नै हौ भनेर एउटै अर्धनारीश्वर रूपमा उपमान र उपमेयहरू एउटै रूपमा प्रकट भएको कुराको वर्णन गरिकाले यहाँ अनन्वय अलङ्कार पर्न गएको हो। अनन्वय अलङ्कारको यस किसिमको प्रयोगका माध्यमबाट अर्धनारीश्वरको स्वरूपभन्दा भिन्न कुनै अर्को विशिष्ट स्वरूप नरहेको र भोग्य वस्तु, भोक्ता भोग गर्ने क्षण सबै सबै एउटै अर्धनारीश्वरको स्वरूप मात्र रहेकाले यसभन्दा अलग वस्तु, यससँग तुलनीय कुनै नभएकाले यो आफैँमा पूर्ण, आफैँमा तृप्त, आफैँमा अलौकिक र आफैँमा अद्वितीय स्वरूपमा रहेको छ भन्ने कविताको कथ्य अर्थलाई अभिव्यञ्जित गरिएको छ।

***उदात्त***

उत्कर्षका साथ कुनै कुराको ग्रहणलाई उदात्त भनिन्छ। यस अलङ्कारमा कुनै पनि वस्तुको महत्ता, प्रतिष्ठा, समृद्धि आदिको चर्चा गरिन्छ। उदात्त अलङ्कारमा कुनै पदार्थको उत्कर्षलाई असम्भाव्य किसिमले वा अलौकिक ढङ्गबाट वर्णन गरिन्छ। विशेष गरी ऐश्वर्य, विभूति, राजमहल, वन, नगर आदिको अतिरञ्जनापूर्ण वर्णन यसमा गरिएको पाइन्छ। आचार्य भामहबाटै यस अलङ्कारको विमर्श प्रारम्भ भएको पाइए पनि आचार्यले उद्भटले भने यस अलङ्कारको स्पष्ट परिभाषा गरेका छन्। उनले महान् व्यक्तिहरूको चरित्र वर्णनलाई उदात्त अलङ्कार मानेका छन् (इ. १९३८, पृ. ६१)। मम्मटले पनि महान् पुरुषहरुको चरित्रसम्बन्धी वर्ण्य विषयको अङ्गीका रूपमा वस्तुहरूको समृद्धि वर्णनलाई उदात्त अलङ्कार मानेका छन् (इ. १९८०, पृ. ५५३)। आचार्य जयदेवले जहाँ सम्पत्तिको अधिकता एवम् उत्तम पुरुषसम्बन्धी चरित्र वर्णित हुन्छ त्यहाँ उदात्त अलङ्कार हुन्छ भनेका छन् (इ. १९९५, पृ. १७९)। यसप्रकार मूलतः सम्पत्तिको समृद्धि तथा महान्हरूको चारित्रिक उत्कर्ष वर्णनमा उदात्त अलङ्कार हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ। खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यका केही पद्यहरूमा उदात्त अलङ्कारको प्रयोग भएको पाइन्छ। तीमध्ये केही प्रतिनिधि पद्यमा प्रयुक्त उदात्त अलङ्कारको विश्लेषण यसप्रकार गरिएको छः

नवीन त्यति त्यो मूर्ति जति हेर्यो बिनी बिनी
मानौं अर्कै अभिप्राय अर्कै आकृतिका मनि
अद्वैत एउटै रूप न नारी हो न ता नर
अखण्डसरि आकाश कहाँ नारी कहाँ नर। ४०।
अर्धनारीश्वर तिमी छौ द्यावा पृथिवीभरि
वनोपवनमै किन्तु तिम्रो प्रत्यक्ष माधुरी

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

ऋतुचक्र सधैँ घुम्छ सधैँ फिर्छ वसन्त जो
तिम्रो हो पुनरावृत्ति तिम्रो अमर बैंस त्यो । १२३ ।

प्रस्तुत पद्यहरूमा अर्धनारीश्वरको अत्यन्त उदात्त भव्य, अलौकिक, अद्वितीय स्वरूपको चित्रण गरिएकाले उदात्त अलङ्कार पर्न गएको हो । यो तिम्रो मूर्तिको स्वरूप जति जति गहिरिएर हेर्यो त्यति त्यति नवीन लाग्छ । प्रत्येक पल देख्ता नयाँ नयाँ अभिप्राय र अर्कै स्वरूपमा प्रकट भएझैँ देखिन्छौ । एउटै रूपमा नरनारीको अद्वैत स्वरूप रहेकाले यो अखण्ड ब्रह्माण्डमा नरनारीमा भेद नरहेजस्तै तिमी पनि अखण्ड रूपमा प्रकट भएकी छौ भन्ने विषयको वर्णनका क्रममा उदात्त अलङ्कार प्रकट भएको छ । अर्धनारीश्वर स्वर्ग तथा पृथ्वीभरि व्याप्त छौ, वनउपवनहरूमा तिम्रै माधुर्य प्रत्यक्ष रूपमा प्रवाहित छ । प्रत्येक ऋतुहरूमा घुम्दै तिम्रो माधुर्य वसन्तमा प्रकट भइरहन्छ । यो वासन्ती माधुर्य तिम्रै अमर बैंसको पुनरावृत्ति हो भनेर अर्धनारीश्वरको सार्वभौम स्वरूप जादुमयी, वासन्ती मादकता, तपोवनको पवित्रता, आकाशको विशालता सबै एउटै स्वरूपमा रहेको वर्णनमा उदात्तता प्रकट भएकाले यहाँ उदात्त अलङ्कार पर्न गएको हो । उदात्त अलङ्कारको यस किसिमको प्रयोगका माध्यमबाट अर्धनारीश्वर स्वरूप यो जगत्मा मात्र होइन स्वर्गलोक ,आकाश, पाताल सबैतिर व्याप्त भएकाले यसको महत्त्व अतिविशिष्ट बन्न पुगेको छ । संसारमा जेजति मधुरता, मिठासपन र आह्लादकारी वस्तुहरू छन् ती सबै अर्धनारीश्वरकै बैंसका उच्छनलनहरू हुन् । वसन्तको मोहकता उनकै बैंसको छाल हो जो व्यापक, भव्य र अद्वितीय छ भन्ने कविताको कथ्य अर्थलाई अभिव्यञ्जित गरेको छ ।

***समुच्चय***

धेरै क्रिया वा वाक्यको एउटै कर्ता वा विषयसँग सम्बन्ध जोडेमा समुच्चय अलङ्कार हुन्छ । समुच्चय भनेको एकत्रित गरिएको समूह हो । यसमा धेरै विचार क्रिया, गुण आदि कारणहरूको एकैचोटि उपस्थिति गराइको हुन्छ । एउटै कारण पर्याप्त भए पनि त्यसभित्र अन्य कारणहरू पनि प्रतिस्पर्धी भएर आएका हुन्छन् । एउटा कार्य सम्पन्न गर्न धेरै हेतु वा कारणहरू देखिनु समुच्चय अलङ्कार हो । यस अलङ्कारको सर्वप्रथम चर्चा गर्ने व्यक्ति आचार्य रुद्रट हुन् । उनले एउटै आधारमा द्रव्य, गुण, क्रिया आदि वस्तुहरूको सुखदुःखपूर्ण वर्णन हुने प्रक्रियालाई समुच्चय अलङ्कार मानेका छन् । जयदेवले चाहिँ एउटा वस्तुसँग सम्बद्ध अनेक पदार्थहरूको गुम्फनलाई समुच्चय अलङ्कारको संज्ञा दिएका छन् । आचार्यहरू मम्मट, अप्पयदीक्षित र जगन्नाथले पनि अनेक वस्तुहरूको एकैचोटि उपस्थिति हुनुलाई समुच्चय अलङ्कार मानेका छन् । समग्रमा भन्नुपर्दा धेरै क्रिया वा वाक्यको एउटै कर्ता वा विषयसँग सम्बन्ध जोडिएर उत्पन्न हुने चमत्कारलाई नै समुच्चय अलङ्कार मान्न सकिन्छ । खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यमा केही पद्यहरूमा समुच्चय अलङ्कारको प्रयोग भएको पाइन्छ । जसलाई यसप्रकार विश्लेषण गरिएको छः

आदिजीव तिमी गाथा तिर्सनै तिर्सनामय
तिमी नर तिमी नारी वासनै वासनामय
तिमी मिलनमा मूर्त तिमी विरहमा पनि
तिमी सङ्गीत हौ मूर्त तिमी हौ सुषमा पनि । ११४ ।
स्वयं रज स्वयं बीज बिरुवा हौ स्वयं तिमी
एउटै वृक्षमा व्याप्त भालेपोथी दुवै तिमी
वनोपवनमै मूर्त मानौं जीवनका कला
आफैँभित्र उठ्यो तिर्खा आफैँमा तृप्तिका पला । ११९ ।

प्रस्तुत पद्यहरूमा एउटै अर्धनारीश्वरलाई विविध रूपमा प्रस्तुत गरिएकाले समुच्चय अलङ्कार पर्न गएको हो । आदिजीव पनि तिमी, तिर्सनै तिर्सनामय गाथा पनि तिमी, वासनै वासनामय नर पनि तिमी, नारी पनि तिमी, मिलनको मूर्त रूप पनि तिमी, विरहको व्यथा पनि तिमी, सङ्गीत पनि तिमी, सुषमा पनि तिमी भनेर एक अर्धनारीश्वर

रूपमा अनेक वस्तुको समुच्चय एकत्रित रूपमा रहेको वर्णन गरिएकाले समुच्चय अलङ्कार पर्न गएको हो। त्यस्तै रज पनि तिमी, बीज पनि तिमी र बिरुवा पनि तिमी नै हौ। एउटै वृक्षमा रहेको भाले र पोथी गुण पनि तिमी नै हौ। वनउपवनमा रहेको जीवको कला पनि तिमी र तिर्खा तथा तृप्ति पनि तिमी नै हौ भनेर एकमा अनेक वस्तु रहेको कुरा वर्णन गरिएकाले यहाँ समुच्चय अलङ्कार पर्न गएको हो । समुच्चय अलङ्कारको यस किसिमको प्रयोगबाट अर्धनारीश्वरको एक रूपमा अनेक वस्तुहरूको गुण रहेको कुरा उल्लेख गरिएको पाइन्छ। दृष्टि जगत्मा रहेका सारा वस्तुहरू एउटै अर्धनारीश्वरको दिव्य स्वरूपमा देखापरेकाले यो दिव्य स्वरूप एकमा अनेक र अनेकमा एक भएर विराजमान छ । त्यस रूपमा जजसले जेजे वस्तुहरू खोजे पनि त्यही रूपमा भेटिने हुनाले अर्धनारीश्वरको यो यो स्वरूपको दिव्यता, भव्यता, व्यापकता र विशालता अलौकिक स्वरूपमा रहेको छ यस रूपमा नभएको वस्तु नै केही छैन भन्ने कविताको कथ्य अर्थलाई अभिव्यञ्जित गरिएको छ।

***भाविक***

भूत काल तथा भविष्यत कालका घटनाको वर्णन वर्तमान कालवत् प्रत्यक्षजस्तो गरिन्छ भने त्यस्तो अवस्थामा प्रकट हुने अलङ्कारलाई भाविक अलङ्कार भनिन्छ। आचार्य भामहबाट चर्चा प्रारम्भ गरिएको यस अलङ्कारका सम्बन्धमा उनले भूत र भविष्यका कुरा प्रत्यक्षझैँ अनुभूत हुनुलाई भाविक अलङ्कारको संज्ञा दिएका छन् र यसलाई प्रबन्धगत अलङ्कारअन्तर्गत रहन सक्ने कुरा बताएका छन् आचार्य उद्भटले आश्चर्यजनक वस्तुहरू जुन भूत र भविष्यसँग जोडिएका हुन्छन् तिनलाई सुबोध ढङ्गबाट प्रत्यक्षजस्तो वर्णन गर्नु नै भाविक अलङ्कार हो भन्ने कुरा उल्लेख गरेका छन (इ. १९२८, पृ. ८५)। समाधि गर्नाले जसरी योगी समाधिका माध्यमबाट भूत काल र भविष्यत कालका घटनाको प्रत्यक्ष वर्णन गर्दा भाविक अलङ्कार हुन्छ भन्ने विचार जयदेवको रहेको पाइन्छ (इ. १९९५, पृ. २०२)। यस अलङ्कारमा अप्रत्यक्ष घटनाको वर्णन प्रत्यक्ष रूपमा गरेर काव्यिक चमत्कार सिर्जना गरिएको हुन्छ । खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* खण्डकाव्यका केही पद्यहरूमा भाविक अलङ्कारको प्रयोग भएको पाइन्छ। जसलाई तल विश्लेषण गरिएको छ।

अर्धनारीश्वर तिमी छौ अझै परिशिष्टमा
वनस्पति जगत्भित्र आद्य जैविक पृष्ठमा
वनमा र बगैंचामा छौ अझै व्याप्तझैँ तिमी
कल्प कल्प बिते किन्तु छौ सजीव अझै तिमी। ११७।

प्रस्तुत पद्यमा अर्धनारीश्वरको उत्पत्ति भएको कल्प कल्प बिते पनि अझै तिमी सजीव छौ र तिमी कल्पान्तरमा पनि वनस्पति जगत्भित्र, आद्य जैविक पृष्ठमा, वनमा, बगैंचामा, परिशिष्टमा सजीव भएर बाँचेकी छौ भनेर युगौंयुग अघिको अतित्व आज पनि उही रूपमा रहेको सन्दर्भको वर्णनमा भाविक अलङ्कार पर्न गएको छ। भाविक अलङ्कारको यस किसिमको प्रयोगका माध्यमबाट अर्धनारीश्वरको अस्तित्व कुनै एक युगमा मात्र सीमित नरहेर कल्पकल्पान्तरसम्म रहिरहने र यो रूप युगान्तकारी, चिरस्थायी र अजरअमर रूपमा रहिरहनेछ भन्ने विचार अभिव्यक्त भएको छ। कुनै पनि युगमा अर्धनारीश्वरको स्वरूप विनष्ट हुँदैन। यो शाश्वत छ, अजेय छ, अनन्त कालसम्म सजीव रूपमा देखिनाले यो कहिल्यै पनि विनाश हुँदैन, अरू सम्पूर्ण वस्तुहरू विनष्ट भए पनि तिमी अशेष रूपमा रहेर यस जीवन जगत्को रक्षा गरिरहेकी छौ भन्ने कविताको कथ्य अर्थलाई भाविक अलङ्कारले अभिव्यक्त गरेको छ।

## निष्कर्ष

खण्डकाव्यकार वासुदेव त्रिपाठीको *अर्धनारीश्वर* आध्यात्मिक भाव अभिव्यक्त भएको काव्य हो । अर्धनारीश्वरको मूर्तिको दर्शनपछि कविमा मनमा उत्पन्न त्यस मूर्तिप्रतिको आकर्षण र प्रेमभाव जागृत भएर प्रकट भएका भावुकतापूर्ण उद्गारहरूका माध्यमबाट काव्यले आफ्नो कलेवर धारण गरेको छ। यो मूर्ति कसले सिर्जना गर्यो होला, मनमोहक यो मूर्ति जादुगरीले सिंगार गरिएजस्तो छ। यो शिल्पीको उच्च कालिगढी सरह छ। आधा

नरजस्तो धारा नारीजस्तो देखिने यो पाषाणमा प्राण भरिएको छ । यसमा अद्भुत आकर्षण र विचित्रको संगम छ । यस मूर्तिमा विराट ज्योति झल्झलाइरहेको छ । यस मूर्तिमा आकार र स्वरूपको कल्पना गर्ने त्यो जादुमयी कलाकारको विशिष्ट कलालाई सम्मान छ जसले अद्वैत रूपमा यस मूर्तिको सिर्जना गर्न सक्यो भन्दै झिनो आख्यानलाई कल्पना र भावुकताले सजाइएको यस खण्डकाव्यमा विचारलाई अभिव्यक्त गर्नका लागि विभिन्न अर्थालङ्कारहरूको प्रयोग गरिएको छ । उपमा, उत्प्रेक्षा, सन्देह आदि अलङ्कारको अत्यधिक प्रयोग गरिएको यस खण्डकाव्यमा यिनै अलङ्कारका माध्यमबाट लेखकका मनमा उत्पन्न भएको आश्चर्यकारी, आकर्षक भावको अभिव्यञ्जना भएको छ । केही मात्रामा समुच्चय, अनन्वय, उदात्त र भाविक अलङ्कारको पनि प्रयोगले तिनै अर्धनारीश्वरका चमत्कारजनक भावलाई परिपुष्ट पार्ने काम गरिएको छ । यी सातओटा अलङ्कारका माध्यमबाट कविताको कथ्य अर्थलाई प्रभावकारी, आस्वादनयुक्त, सौन्दर्यपूर्ण, अर्थगम्भीर र विशिष्ट तुल्याइएकाले यी अलङ्कारहरूको प्रयोग सार्थक बन्न पुगेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्री सूची


आनन्दवर्धन (इ. १९४०), *ध्वन्यालोक* (पुनर्मुद्रण), ज्ञानमण्डल लिमिटेड ।

उद्भट (इ. १९२८), *काव्यालङ्कार सङ्ग्रह,* (द्वि. संस्क.), पाण्डरङ्ग जावजी ।

जयदेव (इ. १९९५), *चन्द्रालोक,* (व्याख्याकार) श्री कृष्ण मणि त्रिपाठी, चौखम्बा सूरभारती प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४५), *तीन थुंगा,* रत्न पुस्तक भण्डार ।

दण्डी (इ. १९५८), *काव्यादर्श*, (व्याख्याकार) जमुना पाठक, कृष्णदास अकादमी ।

न्यौपाने, सुभाषचन्द्र (२०७१), *संस्कृत साहित्यको सृजन र चिन्तन परम्परा,* वाङ्मय समाय धरान ।

न्यौपाने, सुभाषचन्द्र (२०७८), माधव घिमिरेका कवितामा अलङ्कारविधान, (विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय, कीर्तिपुर ।

भरतमुनि (इ. १९८३), *नाट्यशास्त्रम्,* (सम्पा.) विद्या भूषण केदारनाथ, भारतीय विद्या प्रकाशन ।

भामह (इ. १९३८), *काव्यालङ्कार,* (द्वि. संस्क.), चौखम्बा संस्कृत संस्थान ।

मम्मट (इ. १९८०), *काव्यप्रकाश,* (व्याख्याकार) आचार्य शिवराज कौडिन्न्यायन, मोतीलाल बनारसीदास ।

रुद्रट (इ. १९८९), *काव्यालङ्कार,* (पुनर्मुद्रण), ( व्याख्याकार) रामदेव शुक्ला, चौखम्बा विद्या भवन ।

वामन (इ. १९९५), *काव्यालङ्कार सूत्राणि,* (द्वि. संस्क.). सूरभारती प्रकाशन ।

विश्वनाथ (इ. १९७७), *साहित्यदर्पण* मोतीलाल बनारसीदास ।


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*